# अन्नपूर्ण गाँउपालिका
# गाँउकार्यपालिकाको कार्यालय
## पोखरेबगर म्याग्दी

गण्डकी प्रदेश नेपाल ।

पत्र संख्याः ०७७।७८ मितिः२०७७।११।२५

चं नं ५१३६०

श्री वडा कार्यालयहरु सबै

अन्नपुर्ण गाँउपालिका म्याग्दी ।

विषयः सुचना टाँस गरिदिने बारे ।

प्रस्तुत विषयमा मालपोत कार्यालय म्याग्दीमा भुमि व्यवस्था तथा अभिलेख विभागबाट मिति २०७७ माघ १४ गते कान्तिपुर दैनिकमा प्रकाशित सुचना अनुसार भु सेवा केन्द्र सञ्चालन निर्देशिका २०७६ लागु हुने व्यहोराको मालपोत कार्यालय म्याग्दीको च न १७७२ मिति २०७७।१०।०२ को पत्र र सो बमोजिमको सार्वजनिक सुचना पाना २ यसै पत्र साथ संलग्न गरि पठाईएको छ । उक्त सुचना तहाँ वडा कार्यालयको सुचना पाटीमा टाँस गरी प्रचार प्रसार गरिदिनु हुन अनुरोध छ ।

जय प्रसाद सुवेदी

लेखा अधिकृत

जय प्रसाद सुवेदी

लेखा अधिकृत

बोधार्थः

श्री मालपोत कार्यालय म्याग्दी ।

श्री सुचना प्रविधि शाखाः सुचना वेभसाईडमा अपलोड गरिदिनु हुन ।

नेपाल सरकार
भूमी व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमी व्यवस्थापन तथा अभिलेख विभाग
मालपोत कार्यालय
बेनी, म्याग्दी

फोन नं : ०६९-५२०१२४
इमेल: *myagdi@dolma.gov.np*

पत्रसंख्या: ०७७।७८
चलानी नं. : १६६२

मिति २०७७।१०।०२

विषय – सूचना टाँस गरिदिने सम्बन्धमा ।

श्री नगरपालिका र गाउँपालिका सबै
म्याग्दी ।

प्रस्तुत विषयका सम्बन्धमा भूमि व्यवस्थापन तथा अभिलेख विभागबाट मिति २०७७ माघ १४ गते कान्तिपुर दैनिक प्रकाशित सूचना अनुसार यस कार्यालयमा भू-सेवा केन्द्र सञ्चालन निर्देशिका २०७६ लागु गर्ने निर्णय भएकोले सो बमोजिमको सार्वजनिक सूचना पाना २ यसै पत्रसाथ संलग्न राखी पठाइएको छ ।उक्त सूचना त्यस कार्यालयको सूचना पाटीमा टाँस गरी सूचना टाँस भएको जानकारी यस कार्यालयलाई गराइदिनुहनु अनुरोध छ ।

कृष्ण बहादुर कार्की
मालपोत अधिकृत

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

# मालपोत कार्यालय, म्याग्दी

फोन नं. ०६९-५२०१२४
फ्याक्स: ०६९-५२११७८
ईमेल : myagdidolrm.gov.np@gmail.com

## भू-सेवा केन्द्र संचालन सम्बन्धी जरुरी सुचना ।

मिति २०७७।११।०२

भूमि व्यवस्थापन तथा अभिलेख विभागबाट मिति २०७७ माघ १४ गते कान्तिपुर दैनिक प्रकाशित सूचना अनुसार यस कार्यालयमा भू-सेवा केन्द्र सञ्चालन निर्देशिका २०७६ लागु गर्ने निर्णय भएकोले भू-सेवा केन्द्र स्थापना तथा संचालन गर्नको लागि मालपोत नियमवाली २०३६ (छैठौं संसोधन २०७२) को नियम २३ क र २३ ख बमोजिम योग्यता पुगेका तथा भू-सेवा केन्द्र सञ्चालन निर्देशिका २०७६ को दफा ७ मा तोकिए बमोजिम पूर्वाधार भएका इच्छुक व्यक्ति, संस्था तथा स्थानिय सरकारले अनुमति लिनको लागि मिति २०७७।११।०२ देखि २०७७।१२।०१ सम्म https://public.dolma.gov.np मार्फत अनलाईन निवेदन पेश गरी सोसंग सम्वन्धित सक्कल कागजात यस कार्यालयको प्रशासन शाखामा पेश गर्नुहुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

भू-सेवाको केन्द्रको अनुमती किसिम योग्यता निम्नानुसार हुने छ ।

| व्यक्तिको हकमा | रजिष्टर्ड संस्थाको हकमा | स्थानीय तहको हकमा | कानून व्यवसायी वा लेखापढी व्यवसाय गर्न प्रमाणपत्र प्राप्त व्यक्तिको हकमा | साधारण प्रयोगकर्ता को हकमा |
|---|---|---|---|---|
| क.नेपाली नागरिक अठार वर्ष उमेर पुरा भएको ।<br>ख.कम्प्युटर विषय लिई कम्तिमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको वा अन्य विषयमा सो सरहको योग्यता भई कम्प्युटर सम्वन्धी कम्तीमा छ महिनाको तालिम प्राप्त गरेको,<br>ग. प्रचलित कानुन बमोजिम स्थायी लेखा नम्बर लिएको,<br>घ. सेवा केन्द्र संचालनको लागी दफा ७ बमोजिम भौतिक पुर्वधार भएको,<br>ङ. नैतिक पतन देखिने फौजदारी कसुर वा लिखत सम्बन्धी कुनै कसुरमा अदालतवाट दोषी प्रमाणित नभएको । | क. प्रचलित कानून बमोजिम सेवा प्रदायक संस्थाको रुपमा दर्ता भएको,<br>ख. संस्थामा काम गर्ने जनशक्ति नेपाली नागरिक भै अठार वर्ष उमेर पुरा भएको,<br>ग. संस्थामा काम गर्ने जनशक्तिको योग्यता कम्प्युटर विषय लिई कम्तीमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको वा अन्य विषयमा सो सरहको योग्यता भई कम्प्युटर सम्बन्धी कम्तिमा छ महिना तालिम प्राप्त गरेको,<br>घ. प्रचलित कानून बमोजिम संस्थाको नाममा स्थायी लेखा नम्बर लिएको,<br>ङ. कर चुक्ताको प्रमाणपत्र र<br>च. भू-सेवा केन्द्र संचालनको लागी दफा ७ बमोजिमको भौतिक पूर्वधार भएको । | सेवा केन्द्र सञ्चालन गर्ने जनशक्ति र पूर्वाधार भएको । | क. कानून व्यवसायी वा लेखापढी व्यवसायको प्रमाणपत्र भएको,<br>ख. नेपाली नागरिक<br>ग. प्रचलित कानून बमोजिम स्थायी लेखा नम्वर लिएको<br>घ. कर चुक्ताको प्रमाण पत्र भएको<br>ङ. भू- सेवा केन्द्र संचालनको लागि दफा ७ बमोजिमको भौतिक पुर्वधार भएको । | क. प्रयोगकर्ताको नाममा जग्गाधनी दर्ता प्रमाण पुर्जा भएको<br>ख. आफ्नो नाममा भएका जग्गाका कित्ता-विवरण भू सूचना प्रणालीमा अध्यावधिक भएको<br>तर भू-सुचना प्रणालीमा देखिएको विवरण र जग्गाधनी दर्ता स्रेस्तामा भएको विवरण फरक परी जग्गाधनी पहिचानमा समस्या देखिएमा जग्गाधनीले सम्वन्धित कार्यालयमा गई डाटा अध्यावधिक गराउनु पर्नेछ । |

**भू-सेवा केन्द्र सञ्चालनको लागि चाहिने पूर्वाधारः-**

क) कम्प्यूटर

ख) प्रिन्टर

ग) व्याकअप सिस्टम

घ) स्क्यानर्

ङ) भू-सुचना प्रणालिसंग कम्प्याटिवल हुने बायोमेट्रिक डिभाइस ( finger print device), वेभ क्यामरा र दस्तखत मेसिन ।

च) internet connectivity कम्तिमा २/२ Mbps को dedicated Line भएको ।

**अनुमति पत्रको दस्तुर,अवधि तथा नवीकरण सम्बन्धी व्यवस्थाः-**

१. साधारण प्रयोगकर्ताले युजर एकाउण्ट खोल्नका लागि सम्बन्धित कार्यालयमा पाँच सय रुपैयाँ दस्तुर बूझाउनु पर्नेछ र प्रत्येक दश वर्षमा नवीकरणका लागि एक सय रुपैयाँ दस्तुतर बुझाउनु पर्नेछ ।

२. साधारण प्रयोग कर्ताले युजर एकाउण्ट नविकरण नगरेको अवस्थामा अनलाइन प्रणालिमा त्यस्ता प्रयोगकार्ताको पहुँच स्वतः निस्कृय हुनेछ ।

**भू-सेवा केन्द्र सम्बन्धी अनुमति पत्र लिन देहाय बमोजिमको दस्तुर लाग्नेछः-**

क. व्यक्तिको हकमा तिन हजार रुपैयाँ

ख. संस्थाको हकमा पाँच हजार रुपैयाँ

ग. प्रत्यक आ.व. को म्याद भित्रै व्यक्ती र संस्था दुबैले रु ३०००।- दस्तुर बुझाई नविकरण गर्नु पर्नेछ ।

उक्त दस्दुर यस कार्यालयको/कोलेनिका म्याग्दीको खाता नं ००१०१००००००००१००१००१ राजश्व शिर्षक १४२२९ मा नेपाल बैंक म्याग्दीको खातामा जम्मा गरी सोको भैचर पेश गर्नु पर्ने छ ।

२. भू सेवा केन्द्र संचालन अनुमति लिन चाहने व्यक्ति वा संस्थाले यस कार्यालयको /कोष तथा लेखा नियन्त्रक कार्यालय म्याग्दीको नेपाल बैंक लि म्याग्दीमा रहेको धरौटी खाता नं KA2.3 ०६३०१०००००२००३००००००१ धरौटी बापत देहाय बमोजिमको नगद जम्मा गर्नु पर्नेछ । बैंक ग्यारेण्टीको हकमा चालु आ.व को बाँकी रहेको अवधिकमा एक महिना थप गरी कायम हुने कूल अबधी को देहाय बमोजिमको रकम बराबरको बैक ग्यारेण्टी पेश गर्नु पर्नेछ ।

क. व्यक्तिको हकमा पचास हजार रुपैयाँ ।

ख. संस्थाको हकमा दुईलाख रुपैयाँ ।

३. स्थानीय तहलाई भू- सेवा केन्द्र अनुमति लिन र नविकरण गर्न कुनै दस्तुर लाग्ने छैन ।

४. भू – सेवा केन्द्र संचालनको अनुमति पत्रको अवधी एक आर्थिक वर्षको हुने छ । तर पहिलो पटक सूचना प्रकाशित भएको हकमा आषाढ मसान्तसम्म हुनेछ ।

५. बैक तथा वित्तिय संस्था सहकारी कर्मचारी संचयकोष नागरिक लगानीकोष जस्ता संस्थाहरुले धितो बन्धक रोक्का र फुकुवा प्रयोजनका लागिमात्र आफ्नो प्रधान कार्यालय रहेको कार्यक्षेत्र भित्रको मालपोत कार्यालयमा अनलाइन निवेदन पेश गरी अनुमति प्रास गर्नुपर्नेछ र प्रधान कार्यालयले यसरी अनुमति प्रास गरेपछि आवश्यकता अनुसार आ-आफ्नो शाखा कार्यालयहरुलाई युजर अईडी वितरण गर्न सक्नेछ ।

६. सूचना अनुसार प्रास निवेदनहरुको छानविन गरी भू-सेवा केन्द्र संचालन निर्देशिका २०७६ को दफा ५ अनुसार अनुमति पत्र जारी गरिनेछ ।

७. यस सूचनामा उल्लेख नभएका विषयवस्तुतका बारेमा भू-सेवा केन्द्र संचालन निर्देशिका २०७६ बमोजिम हुनेछ ।

८. अन्य अवश्यक जानकारीको लागि मालपोत कार्यालय म्याग्दीको फोन नं ०६९५२११७८ मा सम्पर्क गरी सोधपुछ गर्न सकिनेछ ।

मालपोत अधिकृत